# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)

६ नं. प्रदेश, नेपाल

सम्पर्क नं. ९७४१३८९९६१ ९७४८५८३१३८


मिति : २०७४/१०/१८

पत्र संख्या : २०७४/०७५
चलानी नम्बर : ४९९

**विषय : घर टहरा हटाउने सम्बन्धी अत्यन्त जरुरी सुचना ।**

श्री आठविसकोट नगरपालिका वडा नं. ११, सिमबजार स्थित

सरोकारवाला सबै ।

यस आठविसकोट नगर कार्यपालिकाको निर्णयानुसार यस नगरपालिका अन्तर्गतका सडकहरुको वर्गीकरण भई नगरपालिका क्षेत्रमा पर्ने सडकको क्षेत्राधिकार (ROW) र सेटव्याक सम्बन्धी विषय यसअघि नै टूंगी सकेको छ । सो सम्बन्धमा वडा नं. ११ स्थित सिमलबोटदेखि नगरपालिका कार्यालयसम्मको सडकको क्षेत्राधिकार(ROW) १४(छ) मिटर र सेटव्याक ६(छ) मिटर कायम भएकोले सो सडकहरुको क्षेत्राधिकारभित्र पर्ने सम्पुर्ण घर टहराहरु हटाउनु भनि ३५(पैतिस) दिने सूचना यस अघि नै प्रकाशन भईसकेको छ । हाल उक्त सडकहरुको नापजांच भई हटाउनुपर्ने घर टहराहरुमा रातो चिन्ह समेत लगाई सकिएको छ । उक्त रातो चिन्ह लगाईएका घर टहराहरुको सम्बन्धमा तपसिल बमोजिम गर्नु गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. रातो चिन्ह लगाइएका टहराहरु तथा घुम्तीहरु यो सुचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र र घरहरु यो सुचना प्रकाशन भएको मितिले एक महिनाभित्र हटाईसक्ने ।

२. रातो चिन्ह लगाएको स्थानबाट दुवै तर्फ सिमलबोटदेखि सिमबजार हुँदै नगरपालिका कार्यालयसम्म जाने सडकको हकमा ३(तीन) मिटरसम्मको स्थान खाली राख्ने ।

३. कसैले पनि राडीबजार तथा सिमबजार क्षेत्र र अन्य नगरपालिका क्षेत्रभित्रका स्थानहरुमा नक्सापास नगरी घर नबनाउने र बनाईरहेको भए काम रोकी नगरपालिकामा यो सुचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र उपस्थित हुने ।

नि. प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
६ नं. प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति : २०७४/१०/१८

**पत्र संख्या :** २०७४/०७५

**चलानी नम्बर :** ४९९

४. माथि उल्लेखित बुंदा नं. १ र २ बमोजिम तोकिएको समयावधिभित्र सडकको क्षेत्राधिकारभित्र पर्ने घर तथा टहराहरु नहटाएमा नगरपालिका स्वयम्ले हटाई सो संरचना हटाउन लागेको खर्च समेत निजहरुबाट असुलउपर गरिने ।

५. बुंदा नं. ३ अनुसार नक्सापास नगरी बनाईरहेका घरहरु माथि उल्लेखित अवधिभित्र नगरपालिकामा सम्पर्क गरी नक्सापासको प्रवन्ध नगरेमा ती बनाईरहेका घरहरु समेत हटाईने ।

पुनश्च : सुचनाको सम्बन्धमा केही अस्पष्टता वा द्विविधा भएमा नगरपालिकामा सम्पर्क गर्न सकिनेछ ।

.....................................

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत